# ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९

स्वीकृत मितिः २०७९/०९/०५

स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाबाट विद्यार्थीलाई प्रदान गरिने सेवा सुविधा समेतलाई व्यवस्थित र सरलीकृत गरी ती संस्थालाई सेवा सञ्चालनका लागि प्रदान गरिने अनुमति-पत्र सम्बन्धी व्यवस्थाको सम्बन्धमा नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रिय शिक्षा नीतिमा उल्लिखित प्रादेशिक कार्यक्षेत्रको अधीनमा रही विभिन्न निकायहरूको भूमिकाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(ख) "ब्रिज कोर्श" भन्नाले माथिल्लो तहको कक्षामा भर्ना हुने प्रयोजनका लागि तल्लो तहको परीक्षा दिई नतिजा पर्खेर बसेका वा तल्लो तहमा अध्ययनरत विद्यार्थीलाई माथिल्लो तहको पाठ्यक्रम लक्षित गरी संस्थामा पूर्व तयारी कक्षाको रूपमा अध्ययन अध्यापन गराइने विषय सम्झनु पर्छ ।

(ग) "भाषा शिक्षण" भन्नाले संस्थामा अध्ययन अध्यापन गराइने अङ्ग्रेजी, चाइनिज, जापानीज, जर्मन, फ्रेन्च, रसियन, कोरियन लगायतका अन्य विभिन्न विदेशी भाषाहरूको शिक्षण सम्झनु पर्छ र सो शब्दले TOEFL, IELTS, PTE, SAT, GRE, GMAT, JLPT, NAT, JCERT, JLCT लगायतका अन्य स्वदेशी तथा विदेशी भाषा शिक्षण कार्यलाई समेत जनाउँछ ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेशको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

सामाजिक विकास मन्त्रालय

(ङ) "विद्यार्थी" भन्नाले ब्रिज कोर्श र भाषा शिक्षण कक्षामा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्छ ।

(च) "संस्था" भन्नाले ब्रिज कोर्श र भाषा शिक्षण कक्षा सञ्चालन गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम स्थापना भएका कम्पनी सम्झनु पर्छ ।

(छ) "सेवा" भन्नाले संस्थाले प्रदान गर्ने ब्रिज कोर्श तथा भाषा शिक्षण सम्बन्धी सेवा सम्झनु पर्छ ।

## परिच्छेद - दुई

## उद्देश्य

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभर ब्रिज कोर्श र भाषा शिक्षण प्रदान गर्ने संस्थाहरूको अनुमति तथा नवीकरण, अनुगमन तथा नियमन लगायतका कार्यलाई व्यवस्थित र सरलीकृत गर्ने,

(ख) ब्रिज कोर्श र भाषा शिक्षण सम्बन्धी कार्य गर्ने संस्थाले प्रदान गर्ने सेवा सुविधालाई व्यवस्थित गर्नुका साथै लिइने शुल्कलाई पारदर्शी गर्ने,

(ग) ब्रिज कोर्श र भाषा शिक्षण सम्बन्धी कार्यलाई व्यवस्थित, सरल, सहज, भरपर्दो, गुणस्तरीय एवम् पारदर्शी बनाउने,

(घ) ब्रिज कोर्श र भाषा शिक्षण कार्यमा संलग्न संस्थालाई मर्यादित र अनुशासित बनाउने, र

(ङ) सेवा प्रदायक संस्था र विद्यार्थीबीच सु-सम्बन्ध कायम गर्ने।

## परिच्छेद - तीन

## अनुमति सम्बन्धी व्यवस्था

४. **अनुमतिः** (१) ब्रिज कोर्श र भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले यस निर्देशिका बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनुपर्नेछ ।

(२) अनुमतिका लागि निवेदन दिने संस्थाले पाँच हजार रूपैयाँको निवेदन दस्तुर बैंक मार्फत राजस्व खातामा जम्मा गरी सो को भौचर समेत संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) यो निर्देशिका जारी हुनुपूर्व सञ्चालनमा रहेका ब्रिज कोर्श र भाषा शिक्षण कक्षा सञ्चालन गरिरहेका संस्थाले यो निर्देशिका जारी भएको मितिले तीन महिना भित्र सेवा सञ्चालन गर्न अनुमति लिनुपर्नेछ ।

सामाजिक विकास मन्त्रालय

(४) उपदफा (३) बमोजिमको समयभित्र अनुमति लिएका संस्थाहरूको नाम, ठेगाना सहितको विवरण मन्त्रालयले सूचना जारी गरी सार्वजनिक गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम बाहेकका अन्य संस्थाहरू स्वतः अवैध मानिनेछन् ।

५. **<u>अनुमति-पत्र दिन सक्नेः</u>** (१) कुनै संस्थाले पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त संस्था सेवा सञ्चालन गर्न सक्षम छ भन्ने देखिएमा सेवा सञ्चालन गर्न मन्त्रालय वा मन्त्रालये तोकेको निकायले आवश्यक अनुगमन तथा जाँचबुझ गरी अनुसूची -२ बमोजिमको ढाँचामा साठी दिन भित्र अनुमति-पत्र दिन सक्नेछ । यसरी तोकिएको अवधिभित्र अनुमति-पत्र नदिएको अवस्थामा निवेदकलाई सो को कारण सहितको लिखित जानकारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति-पत्र दिँदा अनुसूची - ३ बमोजिमको दर्ता किताबमा अनुमति-पत्र दिने अधिकारीले संस्थाको विवरण सहितको अभिलेख राख्नुपर्नेछ ।

(३) अनुमति-पत्रको अवधि दुई आर्थिक वर्षको हुनेछ ।

६. **<u>अनुमति-पत्र नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) संस्थाले अनुमति-पत्रको अवधि समाप्त भएको मितिले नब्बे दिन भित्र नवीकरणका लागि तीन हजार रूपैयाँको नवीकरण दस्तुर बैंकमार्फत राजस्व खातामा जम्मा गरी सो को भौचर समेत संलग्न गरी अनुसूची - ४ बमोजिमको ढाँचामा मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपश्चात अनुमति-पत्र नवीकरण गर्ने अधिकारीले आवश्यक अनुगमन तथा जाँचबुझ गरी तीस दिनभित्रमा नवीकरण गरी सो को सूचना संस्थालाई दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयमा नवीकरणका लागी निवेदन पेश नगर्ने संस्थाले पुनः संस्थाको नवीकरण गराउन चाहेमा नवीकरणका लागी पहिलो तीस दिनको हकमा थप तीन हजार रूपैयाँ र अर्को तीस दिनका लागी थप पाँच हजार रूपैयाँ र अर्को तीस दिनका लागि थप दश हजार रूपैयाँ शुल्क बुझाउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नवीकरण गर्ने अवधि समाप्त भएको मितिले ९० दिनभन्दा बढि समय व्यतित भएमा संस्थाको नवीकरण गरिने छैन ।

७. **<u>अनुमति-पत्र रद्द हुने अवस्थाः</u>** (१) कुनै पनि संस्थाको सेवा सञ्चालन अनुमति देहायका अवस्थामा रद्द हुनेछः-

(क) सम्बन्धित संस्थाले सेवा सञ्चालन अनुमति-पत्र रद्द गरी पाउँ भनी अनुसूची - ५ बमोजिमको ढाँचामा निवेदन दिएमा,

(ख) दफा ६ बमोजिम नवीकरण गर्ने अवधि समाप्त भएमा,

(ग) दफा ९(१) बमोजिमका शर्तहरू उल्लङ्घन गरेको पाइएमा,

(घ) सेवा सञ्चालन गर्दा निर्धारित शुल्क भन्दा बढी लिइएको पाइएमा,

(ङ) संस्थाले बदनियतपूर्ण तवरबाट सेवा प्रदान गरेको वा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(च) संस्थाको दर्ता खारेज भएमा,

(छ) सञ्चालन गर्ने संस्था विघटन भएमा,

(ज) संस्था सञ्चालन गर्ने कम्पनी लिक्विडेशनमा गएको कुरा प्रमाणित भएमा,

(झ) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट जारी नीति निर्देशनहरूको उल्लङ्घन गरेको पाइएमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको निवेदन मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय समक्ष परेमा सम्बन्धित अधिकारीले आवश्यक जाँचबुझ गरी तीस दिन भित्रमा संस्थाको अनुमति-पत्र रद्द गरिएको जानकारी संस्थालाई गराउनु पर्नेछ ।

८. <u>**अनुमति-पत्र लिएका संस्थाहरूको नाम सार्वजनिक गर्नुपर्ने:**</u> यस निर्देशिका बमोजिम ब्रिज कोर्श तथा भाषा शिक्षण सञ्चालनका लागि अनुमति-पत्र प्राप्त गरेका संस्थाहरूको नाम, ठेगाना मन्त्रालयले प्रत्येक छ/छ महिनामा सूचना जारी गरी सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद - चार

## <u>संस्था सम्बन्धी व्यवस्था</u>

९. <u>**संस्थाले पालना गर्नुपर्ने शर्तहरू:**</u> (१) संस्थाले देहायका शर्तहरू पालना गर्नुपर्नेछः-

(क) यस निर्देशिका बमोजिम अनुमति प्राप्त गरेर मात्र ब्रिज कोर्श एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ख) संस्थाको लागि छुट्टै कार्यालयको व्यवस्था हुनुपर्ने,

(ग) संस्थाको ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनुपर्ने,

(घ) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्ने,

(ङ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र सेवा प्रदान गर्नुपर्ने,

(च) नेपाली नागरिक बाहेक अरुलाई ब्रिज कोर्श प्रशिक्षक वा भाषा प्रशिक्षकको रुपमा काम गराउनुपर्ने भए सोका लागि प्रचलित कानून बमोजिम अनुमति लिएको हुनुपर्ने,

(छ) सेवा शुल्क पूर्ण रुपमा पारदर्शी हुनुपर्ने,

सामाजिक विकास मन्त्रालय

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, प्रशिक्षण दिन र प्रकाशन एवम् प्रसारण नगर्ने,

(झ) संस्थामा आवश्यक मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ञ) संस्थाको स्थायी लेखा नम्बर प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र, संस्थाबाट प्रदान गरिने सेवा, कार्यप्रक्रिया र शुल्क समेत खुलाई सबैले स्पष्ट रुपमा देख्ने गरी कार्यालयमा राख्नुपर्ने,

(ट) मन्त्रालयले निर्धारण गरे अनुसारको सेवा सञ्चालन अनुमति तथा नवीकरण बापत तोकिएको शुल्क बुझाउनुपर्ने ।

(२) संस्थाले आफ्नो सेवा सम्बन्धी प्रचार-प्रसार गर्दा देहायका शर्तहरू पालना गर्नुपर्नेछः-

(क) ब्रिज कोर्श वा भाषा शिक्षण प्रदान गरिने सम्बन्धित राष्ट्र, विषय, अवधि, शुल्क, मान्यता, स्तर निर्धारण आदि स्पष्ट खुलाउनुपर्ने,

(ख) आफ्नो प्रचार सामग्रीमा संस्थाको अनुमति-पत्र दर्ता नं. तथा सम्पर्क ठेगाना स्पष्ट खुलेको हुनुपर्ने।

१०. **<u>विद्यार्थीले पालना गर्नुपर्ने कुराहरू:</u>** विद्यार्थीहरूले ब्रिज कोर्श वा भाषा प्रशिक्षण लिनका लागि देहायका कुराहरू पालना गर्नुपर्नेछः-

(क) आफूले ब्रिज कोर्श वा भाषा प्रशिक्षण लिन चाहेको संस्थाको वैधानिकता सुनिश्चित गर्नुपर्ने,

(ख) ब्रिज कोर्श वा भाषा प्रशिक्षकको योग्यताको सुनिश्चित हुनुपर्ने,

(ग) आफ्ना प्रमाण-पत्रहरू तथा आफूसँग सम्बन्धित यथार्थ विवरणहरू पेश गर्नुपर्ने।

११. **<u>प्रशिक्षकको योग्यता:</u>** (१) सम्बन्धित तहको सम्बन्धित विषयमा स्नातक वा जुन तहको ब्रिज कोर्श गर्ने हो, सो भन्दा एक तह माथिको सम्बन्धित विषयको शैक्षिक योग्यताको प्रमाण-पत्र प्राप्त गरेका प्रशिक्षकले मात्र  ब्रिज कोर्शको अध्यापन गराउनु पर्नेछ ।

(२) भाषा शिक्षण कार्यका लागि प्रशिक्षकको योग्यता देहाय बमोजिम हुनुपर्नेछः-

(क) अङ्ग्रेजी भाषा प्रशिक्षकको हकमा सम्बन्धित विषयमा कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरी मान्यताप्राप्त विश्वविद्यालय वा संस्थाबाट प्रशिक्षक तालिम प्राप्त गरेको साथै सम्बन्धित भाषा परीक्षा समेत उत्तीर्ण गरेको,

(ख) अङ्ग्रेजी भाषाबाहेक अन्य भाषा प्रशिक्षकको हकमा कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी मान्यताप्राप्त विश्वविद्यालय भाषा

सामाजिक विकास मन्त्रालय

शिक्षण गर्ने संस्थाबाट सम्बन्धित भाषामा कम्तिमा एक वर्षको तालिम प्राप्त गरेको ।

## परिच्छेद - पाँच

## लेखा परीक्षण, अनुगमन, निरीक्षण र मूल्याङ्कन

१२. **लेखा परीक्षणः** (१) संस्थाले प्रत्येक वर्षको आय व्ययको विवरणको मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) संस्थाले मन्त्रालयले माग गरेको बखत आफ्नो आय व्ययको विवरण उपलब्ध गराउनु पर्नेछ ।

१३. **अनुगमन, निरीक्षण र मूल्याङ्कनः** यो निर्देशिका तथा प्रचलित कानूनको अधीनमा रही संस्थाको गतिविधिको अनुगमन, निरीक्षण र मूल्याङ्कन मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले जुनसुकै बखत देहायका आधारमा गर्नेछः-

(क) संस्थाको प्रगतिको अवस्था,

(ख) संस्थाले प्रदान गर्ने सेवाको स्तर,

(ग) शुल्कको विवरण,

(घ) सेवाको प्रकृति,

(ङ) पारदर्शिताको अवस्था,

(च) संस्थाको कार्यालयको नियमितता,

(छ) संस्थाको कार्यकुशलता,

(ज) संस्थाको भौतिक र मानवीय अवस्था,

(झ) अन्य आवश्यक कुराहरू ।

## परिच्छेद - छ

## विविध

१४. **निर्देशन दिन सक्नेः** मन्त्रालयले ब्रिज कोर्श वा भाषा शिक्षण सेवा सम्बन्धी कार्यलाई सञ्चालन तथा व्यवस्थापन गर्न संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउः** यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रचलित कानून तथा यस निर्देशिकाको अधीनमा रही मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार यस निर्देशिकामा रहेका अनुसूचीहरूमा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

सामाजिक विकास मन्त्रालय

१७. **<u>संशोधन वा खारेजी:</u>** यस निर्देशिकालाई संशोधन वा खारेजी गर्ने अधिकार प्रदेश सरकारमा निहित रहनेछ ।

सामाजिक विकास मन्त्रालय

**अनुसूची - १**

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>अनुमति-पत्रका लागि दिइने निवेदनको ढाँचा</u>**

श्री .......... मन्त्रालय/ ...... कार्यालय,

.............................. ।

विषयः ब्रिज कोर्श तथा भाषा शिक्षण गर्ने संस्था सञ्चालन गर्न अनुमति पाउँ ।

प्रस्तुत विषयमा मिति.............................. मा ...........................................................नामको कम्पनी ................................................ ब्रिज कोर्श तथा भाषा शिक्षण कार्य प्रदान गर्ने समेत उद्देश्यका लागि स्थापना भएकाले सो उद्देश्य बमोजिम ब्रिज कोर्श तथा भाषा शिक्षण कार्य सञ्चालन गर्ने अनुमतिका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

निवेदन पेश गर्ने कम्पनीको नाम, ठेगानाः छापः

कम्पनीको तर्फबाट निवेदकको नाम,थरः

पदः

सम्पर्क नम्बरः

इमेलः

**<u>संलग्न कागजातहरू</u>**

(क) कम्पनीको स्वीकृत प्रबन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि,

(ख) सञ्चालकहरूको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि,

(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN)/मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणित प्रतिलिपि,

(घ) संस्थाको आफ्नै घर जग्गा भए सो को प्रमाण-पुर्जा वा कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता-पत्रको प्रमाणित प्रतिलिपि,

(ङ) संस्थाको नाममा खाता सञ्चालनमा रहेको बैंकले खाता नम्बर समेत खुलाई गरेको सिफारिस-पत्र,

(च) प्रदान गर्ने सेवा तथा कार्यप्रक्रिया समेत खुलाइएको विवरण,

(छ) ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण-पत्र र तालिमको प्रमाणित प्रतिलिपि सहितको विवरण,

(ज) राजस्व जम्मा गरेको भौचर ।

सामाजिक विकास मन्त्रालय

अनुसूची - २

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

<u>अनुमति-पत्रको ढाँचा</u>

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

<u>ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्न पाउने अनुमति-पत्र</u>

....................................... कम्पनीको तर्फबाट निवेदक श्री ....................................... ले मिति .................................... मा दिएको निवेदन उपर कारबाही हुँदा ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्न पाउने गरी अनुमति दिने भनी मिति ................................... मा निर्णय भएको हुँदा यो अनुमति-पत्र जारी गरिएको छ ।

अनुमति-पत्र दर्ता नं:

जारी मितिः

अनुमति-पत्र कायम हुने अवधिः मिति ................ सम्म

<u>अनुमति-पत्र प्रदान गर्ने अधिकारीको</u>

हस्ताक्षरः

नामः

पदः

सामाजिक विकास मन्त्रालय

नवीकरण

| नवीकरण गरेको मिति | अनुमति-पत्र बहाल रहने अवधि | नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |

सामाजिक विकास मन्त्रालय

## अनुसूची - ३
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>अनुमति-पत्र दर्ता किताबको ढाँचा</u>**

**ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालनका लागि अनुमति-पत्र प्रदान गरिएका संस्थाको**

**<u>अनुमति-पत्र दर्ता किताब</u>**

| दर्ता नं. | अनुमति-पत्र दर्ता | | | कम्पनीको नाम र ठेगाना | कम्पनीको सञ्चालकहरूको नाम र ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

सामाजिक विकास मन्त्रालय

## अनुसूची - ४
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

**<u>नवीकरणका लागि निवेदनको ढाँचा</u>**

श्री ............ मन्त्रालय/..........कार्यालय
................................।

तहाँ मन्त्रालय/कार्यालयबाट दर्ता नं. .... को अनुमति-पत्र प्राप्त गरी यस संस्थाले ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्दै आएकोमा मिति ........ मा अनुमति-पत्रको म्याद सकिएकाले ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०७९ बमोजिम देहायका कागजात सहित नवीकरणका लागि निवेदन पेश गरेको छु।

निवेदन पेश गर्ने संस्थाको नाम, ठेगानाः संस्थाको छापः
संस्थाको तर्फबाट निवेदकको नामथरः
पदः
ठेगानाः
सम्पर्क नम्बरः
इमेलः
<u>संलग्न कागजातः</u>

(क) ब्रिज कोर्श तथा भाषा शिक्षण अनुमति-पत्रको प्रमाणित प्रतिलिपि,
(ख) संस्थाको आफ्नै घर जग्गा भए सो को प्रमाण-पुर्जा वा कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता-पत्रको प्रतिलिपि,
(ग) संस्थाको नाममा खाता सञ्चालनमा रहेको बैंकले खाता नम्बर समेत खुलाई गरेको सिफारिस-पत्र,
(घ) हाल कार्यरत ब्रिज कोर्श तथा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण-पत्र र तालिमको प्रमाणित प्रतिलिपि सहितको विवरण,
(ङ) नवीकरण दस्तुर जम्मा गरेको भौचर ।

सामाजिक विकास मन्त्रालय